# हल्दीवारी राजपत्र


हल्दीवारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २) झापा, कोशी प्रदेश, नेपाल, ७ चैत्र गते २०८१ साल ( संख्या १


## भाग २


हल्दीबारी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

झापा, कोशी प्रदेश नेपाल


हल्दीबारी राजपत्र

**उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०८१**

हल्दीबारी गाउँपालिकाको कार्यपालिकाले वनाएको तल लेखिए वमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०८१

**पृष्ठभुमी**

नेपालको भौगोलिक बिविधताले उपलब्ध गराएको अवसर र आधुनिक कृषि प्रविधिहरुको उपयोग गरी हल्दीबारी गाउँपालिकाको कार्यक्षेत्र भित्र व्यावसायिक कृषिको माध्यमबाट दिगो आर्थिक बृद्धि तथा खाद्य तथा पोषणसुरक्षा सुनिश्चित गर्दै दिगो आर्थिक बृद्धि गर्न सकिने सम्भावना रहेको छ । कृषि भूमिको अनुउपयूक्त प्रयोग र निर्वाहमुखी कृषि प्रणालीको कारण कृषि क्षेत्रमा संलग्न कृषकहरुले पर्याप्त मात्रामा आम्दानी गर्न नसक्दा कृषि पेशा अरु पेशाको तुलनामा आकर्षण र सम्मानित हुन सकेको छैन । कृषि क्षेत्रलाई आकर्षकको रुपमा हेर्न नसकेका कारण यस हल्दीबारी गाउँपालिका क्षेत्र भित्र बाट बर्षेनी हजारौं यूवाहरु बैदेशिक रोजगारीमा जान बाध्य भएका छन् भने शिक्षित यूवाहरुलाई यस क्षेत्रमा संलग्न गराउन चुनौतीपूर्ण छ । यस क्षेत्र (कृषि र पशुपालन) लाई उत्पादन र स्वरोजगारको माध्यमबाट आकर्षक क्षेत्रको रुपमा विकास गर्न एकातिर शिक्षित यूवाहरुलाई कृषि पेशामा आकर्षित गरी देशभित्रै स्वरोजगार श्रृजना गर्नुपर्ने जरुरी छ भने अर्कोतिर कृषि पेशामा संलग्न भएका व्यावसायिक र अर्ध व्यावसायिक कृषकहरुलाई थप प्रोत्साहन गरी कृषि पेशालाई सम्मानित र व्यावसायिक बनाउनु पर्ने भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२) ले दिएको अधिकार प्रयोग गरि हल्दीबारी गाउँपालिकाबाट **"उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०८१"** तयार गरी लागु गरिएको छ ।

### परिच्छेद - १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (क) यो कार्यबिधिको नाम **"उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०८१"** रहेको छ ।

(ख) यो कार्यबिधि हल्दीबारी गाउँपालिकाको गाउँसभाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा :** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा,

(क) "कार्यक्रम" भन्नाले **"उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम"** लाई सम्झनुपर्दछ ।

(ख) "समिति" भन्नाले हल्दीबारी गाउँपालिकामा रहेको आर्थिक विकास समितिलाई सम्झनुपर्दछ ।

(ग) "कृषक" भन्नाले कृषि पेशा/व्यवसाय तथा कृषि बस्तु उत्पादनसँग सम्बन्धित सम्पूर्ण कार्य गर्ने व्यक्तिलाई जनाउँदछ ।

(घ) "कृषि उद्यमी" भन्नाले प्रचलित कानुन बमोजिम एकल वा संयूक्त स्वामित्व हुने गरी दर्ता भएका कृषि उत्पादन सम्बन्धी उद्यम सञ्चालन गर्ने निजी फार्म वा संस्था जनाउँदछ ।

(ङ) "उत्कृष्ट कृषक पुरस्कारको लागि कृषकको न्यूनतम योग्यता" भन्नाले यसै कार्यबिधिको अनुसूचि - १ मा उल्लेख भएको न्यूनतम मापदण्ड जनाउँदछ ।

(च) " उत्कृष्ट कृषक" भन्नाले हल्दीबारी गाउँपालिकाको कार्यक्षेत्र भित्र व्यावसायिक रुपमा कृषि तथा पशुपालन प्राविधिक तवरले कृषि व्यवसाय सञ्चालन गरेका आफूले उत्पादन गरेर यस गाउँपालिका लगायत अन्य क्षेत्रमा समेत आफ्नो उत्पादित कृषि उपजहरु बिक्री गरिरहेका आफुले सञ्चालन गरेका व्यवसायबाट अरुलाई स्वरोजगार दिलाएका स्थानीय श्रोत र साधनलाई बढी प्रयोग गरेका खोर/गोठ सुधार गरेका प्रविधि सम्बन्धी साधारण जानकारी भएका वडादेखि छनौट भई आएका कृषकहरु सम्झनुपर्दछ ।

**३. उद्देश्यहरु :** यस कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

(क) कृषक/कृषक उद्यमीको योगदानलाई उच्च सम्मान गरी मनोवल बढाउन सहयोग पुर्याउने ।

(ख) कृषि पेशालाई आकर्षक एवं सम्मानित बनाउन सहयोग पुर्याउने ।

(ग) कृषक समुदायमा स्वस्थ प्रतिष्पर्धा गराई कृषिलाई व्यावसायिक बनाउन सहयोग पुर्याउने ।

**४. अपेक्षित प्रतिफल :** प्रत्येक वडाबाट प्रतिनिधित्व हुने गरी ५ जना कृषकहरु बार्षिक रुपमा सम्मानित हुनेछन् ।

**५. प्रतिफलको मापन :** बार्षिक रुपमा गाउँपालिका भित्रका ५ जना उत्कृष्ट कृषकहरुको पहिचान भई कृषिको उत्पादन बढाउन प्रोत्साहित हुने र कृषि क्षेत्रमा आकर्षण बढाउन सहयोग पुग्ने ।

**६. लक्षित समुह तथा बर्ग :** देश भरका कृषि पेशामा संलग्न भएका कृषक कृषक समुह कृषि सहकारी कृषि फार्म प्राथमिक प्रशोधनकर्ता कृषि उद्यमी ।

## परिच्छेद - २

## कार्यक्रम सञ्चालन प्रकृया

**७. उत्कृष्ट कृषक छनौट बिधि :** यस कार्यक्रम अन्तर्गत उत्कृष्ट कृषकको छनौट देहाय बमोजिम हुनेछ ।

(क) हल्दीबारी गाउँपालिकाको क्षेत्रभित्र व्यावसायिक रुपमा उत्कृष्ट कृषकहरु (कृषि तथा पशुपालन) छनौट गर्नको लागि सबै वडा कार्यालयलाई आ-आफनो वडा भित्रका व्यावसायिक (उत्कृष्ट) रुपमा कृषि व्यवसाय सञ्चालन गर्ने कृषकहरुको नामावली गाउँपालिकामा प्रत्येक बर्षको जेष्ठ मसान्त भित्र सम्बन्धित वडा कार्यालयबाट प्राथमिकता निर्धारण गरी नामावली गाउँपालिकामा पठाउन पत्राचार गरिनेछ ।

(ख) वडाबाट सिफारिस भई आएको कृषकहरुको नामावली यकिन गरी गाउँपालिकामा रहेको आर्थिक विकास समितिको सिफारिसबाट अन्तिम नामावली प्रकाशन गरिनेछ ।

**८. उत्कृष्ट कृषक पुरस्कार छनौट समिति :** (क) हल्दीबारी गाउँपालिकामा उत्कृष्ट कृषक पुरस्कार छनौट समिति देहाय बमोजिम रहनेछ

१. गाउँपालिका उपाध्यक्ष - संयोजक

२. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

३. कार्यपालिकाको आर्थिक विकास समितिको संयोजक - सदस्य

४. कृषि ज्ञान केन्द्रको अधिकृतस्तरको प्रतिनिधि - सदस्य

५. पशुपन्छी तथा मत्स्य विकास शाखा प्रमुख - सदस्य

६. कृषि विकास शाखा प्रमुख सदस्य सचिव

(ख) उत्कृष्ट कृषक पुरस्कार छनौट समितिको काम कर्तव्य र अधिकार

१. म्याद भित्र वडाबाट आएका सिफारिसलाई मात्र मान्यता दिने ।

२. वडा कार्यालयबाट सिफारिस भएर आएका उत्कृष्ट कृषकहरु मध्येबाट अनुसूचि १ मा भएका बाली तथा पशुपन्छीलाई आधार मानेर समितिले छनौट गर्ने ।

३. वडाबाट सिफारिस भएर आएका उत्कृष्ट कृषकहरु लाई समितिले पुनः अनुगमन गरी उत्कृष्ट देखिएका कृषकहरुलाई छनौट गर्नुपर्नेछ ।
४. कृषि तर्फबाट ५ वटा बाली (खाद्यान्न बाली, तेलहन बाली, तरकारी बाली फलफूल बाली च्याउ खेती/मौरीपालन) लाई छनौट गर्ने र पशुपन्छी तर्फ पनि ५ वटा ( बाख्रापालन, बंगुरपालन, गाई/भैसी पालन, कुखुरा/हाँस पालन/ मत्स्यपालन र घाँस खेती) गरी एक आ.व. मा कम्तिमा १० जना कृषकहरुलाई पुरस्कृत गर्नको लागि छनौट गर्ने ।
५. एउटै व्यावसायिक कृषकले बाली तथा पशुपालन गरी दुई वटै क्षेत्रमा उत्कृष्ट देखिएमा एउटा पक्षलाई मात्र समितिले छनौट गर्नुपर्नेछ ।
६. छनौट भएका कृषकहरु सम्बन्धी कुनै असन्तुष्ट पक्षले उजुरी गरेमा आर्थिक विकास समितिको सिफारिसमा त्यसको अन्तिम निर्णय कार्यालयले गर्नेछ ।

९. **सूचना प्रवाह** : सबै वडा कार्यालयले आर्थिक बर्षको चैत्र तेश्रो हप्ता भित्र सम्बन्धित वडा भित्रका सम्बन्धित विधाका कृषकहरुबाट अनुसूची - २ बमोजिमको निवेदन र अनुसूची- ३ बमोजिमको बिवरण संकलन गर्नको लागि १५ दिने सूचना प्रवाह गरिनेछ ।

## परिच्छेद - ३
## कार्यक्रम न्यूनतम मापदण्ड

**१०. प्रविधिक पक्ष**

क) एक पटक राष्ट्रिय कृषक पुरस्कार प्राप्त गरेको कृषक कृषि उद्यमी कृषक समुह कृषि सहकारी कृषि फार्म कृषि व्यवसाय गर्ने कम्पनीलाई पुनः सोही पुरस्कार कार्यक्रममा समावेश गरिने छैन । यद्यपी पहिले पुरस्कृत भएको व्यवसायाई निरन्तरता दिनेको हकमा फरक बिधामा पुरस्कृतत गर्ने प्रयोजनार्थ यस कार्यक्रममा समावेश गर्न बाधा पर्ने छैन ।

**११. आर्थिक पक्ष**

**क)** राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार एवं सम्मानको लागि आवश्यक रकम मन्त्रालयले आर्थिक बजेट तथा कार्यक्रमको माध्यमबाट व्यवस्था गर्नेछ । साथै गारउँपालिकाले समेत थप बजेट व्यवस्थापन गर्न सक्नेछ ।

ख) यस कार्यबिधि बमोजिम छनौट भएका उत्कृष्ट कृषक/कृषक समुह/ कृषि सहकारी/ कृषि फार्म/ कृषि व्यावसाय गर्ने कम्पनीलाई नगद पुरस्कार निजको बैंक खातामा भुक्तानी हुने प्रवन्ध मिलाईनेछ ।

ग) छनौट भएका उत्कृष्ट कृषकलाई हल्दीबारी गाउँपालिकाले चालु आर्थिक बर्षको बिनियोजित बजेट तथा स्वीकृत कार्यक्रम बमोजिम नगद पुरस्कार र प्रमाण-पत्र सहित सम्मान गरिनेछ ।

## परिच्छेद - ३

## कार्यक्रम व्यवस्थापन, अनुगमन, निरीक्षणको व्यवस्था

**१२. कार्यक्रमको अनुगमन सम्बन्धी व्यवस्था :** कार्यक्रमको अनुगमन तथा निरीक्षण हल्दीबारी गाउँपालिका मातहतका अनुगमन समिति एवं यस कार्यबिधिमा व्यवस्था भएका समितिहरुबाट संयूक्त रुपमा वा छुट्टाछुट्टै हुनेछ ।

**१३. कारवाही हुने** : यस कार्यबिधि बमोजिम उत्कृष्ट कृषक पुरस्कार प्राप्त गर्ने कृषकले झुठा बिवरण पेश गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

**१४. गुनासो व्यवस्थापन** : (क) यस कार्यबिधि अन्तर्गत सञ्चालित कार्यक्रममा कुनै गुनासो भएमा यस गाउँपालिकाको गुनासो सुन्ने अधिकारी समक्ष उजुरी गर्न सकिनेछ र गुनासोको सम्बन्धमा गाउँपालिकाको उत्कृष्ट कृषक पुरस्कार छनौट समितिबाट भएको निर्णय अन्तिम हुनेछ ।

(ख) यस कार्यबिधि अन्तर्गतका कार्यक्रम सञ्चालन प्रकृयामा उल्लेख भएको व्यवस्था अस्पष्ट भएमा गाउँ कार्यपालिकाले स्पष्ट पार्न सक्नेछ ।

**१५. अनुसूचिमा हेरफेर गर्न सक्ने** : यस कार्यबिधिमा संलग्न अनुसूचीहरुमा आवश्यकता अनुसार गाउँपालिकाले हेरफेर गर्न सक्नेछ ।

हल्दीबारी गाउँ

## अनुसूचि - १

(दफा ९ को उपदफा २ सँग सम्बन्धित)

| सि.नं. | बालीको नाम | क्षेत्रफल/संख्या(न्यूनतम) | कैफियत |
|---|---|---|---|
| १. | खाद्यान्न बाली | १० कट्ठा | |
| २. | तरकारी बाली | ५ कट्ठा | |
| ३. | तेलहन बाली | १५ कट्ठा | |
| ४. | फलफूल बाली | ५० बोट | |
| ५. | मौरीपालन | ३५ गोला सहितको घार | |
| ६. | च्याउ खेती | ७ वटा टनेल | |
| ७. | माछापालन | ६ कट्ठा | |
| ८. | बाखापालन | १५ माउ बाख्रा | |
| ९. | बंगुर/सुंगुर पालन | ५ वटा माउ बंगुर | |
| १०. | गाई/भैसीपालन | ५ माउ गाई/५ माउ भैंसी | |
| ११. | कुखुरा/हाँस पालन | २०० भन्दा बढी | |
| १२. | घाँस खेती | ५ कट्ठा | |

माथी उल्लेखित अनुसूचि १ अनुसार बाली तथा पशुपालन गरेका कृषकहरु मध्ये जम्मा १० जना कृषकहरुलाई छनौट गरी सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।

## अनुसूचि -२
## (निवेदनको ढाँचा)

मिति : .........................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
हल्दीबारी गाउँपालिका, गाउँ कार्यापालिकाको कार्यालय झापा

बिषय : उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा सहभागी हुन पाउँ ।

प्रस्तुत बिषयमा हल्दीबारी गाउँपालिकाको आ.व. ०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि विकास तथा पशुपन्छी विकास शाखाद्वारा सञ्चालन गरिने उत्कृष्ट कृषक पुरस्कार प्रतियोगितामा मलाई सहभागी हुन इच्छा भएकोले मेरो बिवरण सहितको फाराम दर्ता गरी दिनु हुन अनुरोध छ ।

निवेदक
नाम :
ठेगाना :
दस्तखत :
मोवाईल नं.

संलग्न  कागजातहरु

१. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी
२. किसान परिचय पत्र भए सो को प्रतिलिपी
३. जग्गाधनी पूर्जा वा करार सम्झौताको प्रतिलिपी
४. फार्म/कम्पनी व्यवसायको हकमा दर्ता/नविकरण/करचुक्ता प्रमाण-पत्रको प्रतिलिपी
५. स्थायी लेखा(पान) नम्बर प्रमाण-पत्र प्रतिलिपी
६. सम्बन्धित वडाको सिफारिस पत्र
७. सूचनामा माग भए बमोजिमका अन्य कागजातहरु

हल्दीबारी गाउँपालिका

## अनुसूची - ३

(व्यक्तिगत बिवरणको ढाँचा)

१. कार्यक्रममा सहभागी हुने कृषकको नाम :

२. जन्म स्थान र जन्म मिति :

३. सहभागीको स्थायी ठेगाना :

श्रोत साधनको विवरण

| सि. नं. | बिवरण | इकाई | परिमाण |
|---|---|---|---|
| १. | कुल जग्गाको क्षेत्रफल (ठेक्का लिएको जग्गा समेत) | | |
| २. | कुल खेती गरिएको जग्गाको क्षेत्रफल (हेक्टर वा बिगाहामा) | | |
| ३. | पशुपालनको लागि प्रयोग भएको जग्गाको क्षेत्रफल(हेक्टर वा बिगाहामा) | | |
| ४. | सिंचित जग्गाको क्षेत्रफल (हेक्टर वा बिगाहामा) | | |
| ५. | सिंचाईको श्रोत | | |
| | (क) कुलो | | |
| | (ख) बोरिङ | | |
| | (ग)कृषि यन्त्र उपकरणको बिवरण तथा आवश्यकता | | |

४. कृषि तर्फ (खेती गरिएको बालीको क्षेत्रफल र उत्पादन बिवरण)

| सि.नं. | बिवरण | इकाई | परिमाण | उत्पादन |
|---|---|---|---|---|
| १. | खाद्यान्न बाली | | | |
| | (क) धान | | | |
| | (ख) मकै | | | |
| | (ग)गहुँ | | | |
| २. | तेलहन बाली | | | |
| | (क) तोरी | | | |
| | (ख) सूर्यमुखी | | | |
| ३. | तरकारी बाली | | | |
| | (क) बर्षे तरकारी | | | |
| | (ख) हिउँदे तरकारी | | | |
| | (ग)बेमौसमी तरकारी | | | |
| ४. | फलफूल बाली | | | |

| | | | | |
|---|---|---|---|---|
| | (क) आँप/लिची | | | |
| | (ख) केरा | | | |
| | (ग) उखु | | | |
| ५ | च्याउखेती | | | |
| ६ | मौरीपालन | | | |

| ५. पशुपन्छीपालन तर्फ | | | | |
|---|---|---|---|---|
| १. | माछापालन | | | |
| २. | ठुला पशु संख्या (गाई गोरु भैंसी राँगा आदि । | | | |
| ३. | साना पशु संख्या (बाख्रा, बंगुर/सुँगुर) | | | |
| ४. | हाँस कुखुरा पालन | | | |
| ५. | घाँस खेती | | | |
| ६. | दुध उत्पादन | | | |
| ७. | मासु उत्पादन | | | |
| ८. | अण्डा उत्पादन | | | |

६. सेवा तथा संस्थागत पहुँच सम्बन्धी बिवरण

| सि. नं. | सेवा तथा संस्थागत पहुँच | अति उत्तम | उत्तम | सामान्य | नभएको |
|---|---|---|---|---|---|
| १. | कृषि ऋण श्रोत एवं पहुँच | | | | |
| २. | बाली तथा पशुधन बीमा कार्यक्रममा पहुँच | | | | |
| ३. | कार्यक्रम/ आयोजनाबाट परियोजना प्राप्ति | | | | |
| ४. | प्राबिधिकसँगको सम्पर्क स्थिति | | | | |

७. कृषि पेशामा संलग्न कामदारहरुको बिवरण

| सि.नं. | कामको किसिम | संख्या | घरेलु कामदार | ज्यामी/कामदार |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १. | खेती कार्यमा | | | |
| २. | पशुपालन कार्यमा | | | |
| ३. | पन्छीपालन कार्यमा | | | |
| ४. | प्रशोधन तथा बजारीकरण कार्यमा | | | |

८. कृषि व्यवसायमा लगानी स्थिति

| सि.नं. | सेवा तथा संस्थागत पहुँच | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | जम्मा खेती खर्च | | |
| २. | जम्मा पशुपालन खर्च | | |
| ३. | जम्मा पन्छीपालन खर्च | | |
| ४. | जम्मा कृषि औजार उपकरण खरिद खर्च | | |
| ५. | अन्य खर्च | | |
| ६. | कुल जम्मा खर्च | | |

९. कृषि व्यवसायमा भएको लगानीको श्रोत

| सि.नं. | लगानीको श्रोत | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | कृषि विकास बैंकबाट लिएको रकम रु. | | |
| २. | अन्य बैंक तथा बित्तिय संस्थाबाट लिएको रकम रु. | | |
| ३. | समुह/सहकारीबाट लिएको रकम रु. | | |
| ४. | साहुबाट लिएको ऋण रकम रु. | | |
| ५. | छिमेकीबाट लिएको ऋण रकम रु. | | |
| ६. | आफ्नै आम्दानीबाट व्यहोरेको रकम | | |
| | जम्मा | | |

१०. कृषि पेशाबाट बार्षिक पारिवारिक आम्दानी स्थिति

| सि.नं. | सेवा र संस्थागत पहँुच | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | खेती कार्यबाट | | |
| २. | पशुपालनबाट | | |

| | | | |
|---|---|---|---|
| ३. | पन्छी पालनबाट | | |
| ४. | कृषि उपजको बजारीकरणबाट | | |
| ५. | कृषि पेशा अन्तर्गत पर्ने अन्य कुनै माध्यमबाट | | |
| | कुल जम्मा | | |

११. **निम्न बिषयमा सहभागी कृषक दक्षता**

| सि. नं. | दक्षताको क्षेत्र | स्थिति |
|---|---|---|
| १. | उन्नत प्रविधि उपयोग तथा अनुसरण भएको/नभएको | |
| २. | श्रोत साधनको अधिकतम सदुपयोग गरेको/ नगरेको | |
| ३. | प्रविधि विस्तारमा योगदान भएको /नभएको | |
| ४. | रोग किरा नियन्त्रण प्रविधिको उपयोग भएको /नभएको | |
| ५. | भकारो एवं गोठ सुधार गरेको/ नगरेको | |
| ६. | उत्पादन लागत तथा प्रतिफल सम्बन्धी रेकर्ड व्यवस्थापन गरेको/ नगरेको | |
| ७. | कुनै किसिमको पुरस्कार एवं प्रशंसा पत्र पाएको/ नपाएको | |
| ८. | समुह/समिति सहकारीका सदस्य भएको/नभएको | |
| ९. | स्थानीय स्तरमा आफ्नो अनुभवको आदान प्रदान गरेको/नगरेको | |

१२. नयाँ कृषि प्रविधिको विकास

१३. खेती प्रणालीमा अपनाईएको नयाँ प्रविधिहरुको बिवरण

१४. कृषि व्यवसाय एवं प्रविधिहरुको बिस्तृतिकरण

१५. कृषि व्यवसाय प्रवर्द्धनका भावी योजना (कुनै भए)

१६. कृषकहरुको सफलता कथा (बढीमा १०० शव्दमा नबढ्ने गरी)

## अनुसूची - ४

उत्कृष्ट कृषक पुरस्कारको लागि कृषकले पेश गरेका फारमको मूल्याङ्कनको आधारहरु

| सि.नं. | निवेदन फारम मूल्याङ्कन मापदण्ड | पूर्णाङ्क अंक | प्राप्ताङ्क अंक |
|---|---|---|---|
| १. | श्रोत साधनको स्थिति एवं सदुपयोग | १० | |
| २. | स्थानीय समुदायमा कार्य अनुभवको आदान प्रदान एवं योगदान | २० | |
| ३. | उत्पादन स्थिति/उत्पादकत्व | १५ | |
| ४. | सेवा तथा संस्थागत पहुँच | ५ | |
| ५. | रोजगारीको सिर्जनाको स्थिति | १० | |
| ६. | कृषि व्यवसायमा गरेको आर्थिक लगानीको स्थिति | ५ | |
| ७. | कृषि व्यवसायबाट प्राप्त आम्दानी एवं प्रतिफल स्थिति | १० | |
| ८. | कृषि विकास शाखा/ कृषि ज्ञान केन्द्र र प्राविधिक सँगको सम्पर्क स्थिति | ५ | |
| ९. | प्राविधिक ज्ञान सीप बारे जानकारी एवं प्रयोगको स्थिति | १० | |
| १०. | कृषि व्यवसायको दिगोपनाको स्थिति | १० | |
| | **जम्मा** | १०० | |

पुनश्च : समितिले मूल्याङ्कन गर्दा उल्लेखित मापदण्डको आधारमा उप-आधारहरु (बिस्तृतीकरण) तयार गरी मूल्याङ्कन गर्न सक्नेछ ।

आज्ञाले,
मान बा. वन (महेन्द्र)
प्रमुख प्रशासकीय अधिकृत